सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८१।०८२

च.न. 2049

मितिः २०८२।०२।११

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०२।०८ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

2082/2/11

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

मिति २०८२।०२।०८ गतेका गाउँकार्यपालिकाको अन्ठाउन्नौ बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्बन्धमा ।
२. बङ्गाडा उपल्लोखुट्टी तिराम मो.बा.स्तरउन्नोती सम्बन्धमा ।
३. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
४. कार्यविधि/कार्ययोजना स्वीकृत सम्बन्धमा।
५. विपद पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत सम्बन्धमा ।
६. नयाँ मौरी पकेट विकास कार्यक्रमको प्रस्ताव छनौट गर्ने सम्बन्धमा।
७. दलित सुकुम्वासी, भुमीहिन सुकुम्वासीलाई जग्गा ब्यवस्थापन कार्यका लागि बजेट सम्बन्धमा ।
८. विपद् प्रभावित ब्यक्तिहरुको लागि सहयोग र सामाग्री सम्बन्धमा ।
९. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
१०. कर्मचारीहरुको तहमिलान/तहबृद्धि सम्बन्धी जानकारी सम्बन्धमा ।
११. योजना तर्जुमा प्रकृया सम्बन्धमा ।
१२. पुस्तकालयका लागि विधालय छनौट सम्बन्धमा ।
१३. स्थानीय पाठ्यक्रम संशोधन र स्वीकृत सम्बन्धमा ।
१४. विधालय शिक्षक दरबन्दी मिलान प्रकृया सम्बन्धमा ।
१५. ओज्जेनी पक्की पुलको DPR को रकम भुक्तानी सम्बन्धमा ।
१६. खानेपानी तथा सरसफाई योजना सिफारिस सम्बन्धमा ।
१७. आर्थिक सहायता सम्बन्धमा ।
१८. विविध सम्बन्धमा ।
- रिक्त पद (अ.हे.व र ल्याव असिष्टेन्ट) मा पदपुर्ती गर्ने सम्बन्धमा
- परियोजना संचालनको लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।
- नवप्रवर्तन साझेदारी कार्यक्रम स्वीकृतीको जानकारी सम्बन्धमा ।
- बालमैत्री/बालविवाह कार्यक्रमको प्रस्ताव स्वीकृत सम्बन्धमा ।
- सामी परियोजना स्वीकृतको जानकारी सम्बन्धमा ।
- अन्य विषयहरु ।

त्रिविकम खड्का
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-५८
## गाउँकार्यपालिकाको अन्ठाउन्नौ बैठकका निर्णयहरु
### मितिः २०८२।०२।०८ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०१।१० गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ बङ्गाँडा उपल्लोखुट्टी तिराम मो.बा.स्तरउन्नोती सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको कार्यालय प्यूठानले आ.व. २०८१/२०८२ मा सञ्चालन गरेको ठेक्का टेण्डर नं SRM/NCB/Works-०२/०८१/८२ बङ्गाडा उपल्लोखुट्टी तिराम सडक निर्माण वडा नं ६ को मोटरवाटो निर्माण सम्वन्धी ठेक्का रोयल गौमुखी कन्सट्रक्सन प्रा.लि. राप्ती गा.पा. वडा नं १ पाखापानी दाङ (पान नं ६१०४१८१०३) लाई ठेक्का परी मिति २०८१/०८/२३ मा यस योजनाको काम गर्नका लागि यस कार्यालयमा सम्झौता गरी काम सञ्चालन गरेको र काम गर्दै जाँदा सो स्थानमा अत्यन्तै कडा चट्टान भएको र सोक्षेत्रमा स्काभेटर ब्रेकरका साथै दक्ष ज्यामी लगाउँदा पनि सो ठाउमा रहेको चट्टान फोर्न नसकिएको र निर्माण व्यवसायिले विज्ञ प्राविधिक भूगर्भविद र इन्जिनियर समेतको टोलि ल्याइ अध्ययन गराउदा यो स्थानमा बम ब्लाष्टिङ बाहेक अन्य उपायबाट फोर्न नसक्ने प्रतिवेदन पेश गर्नु भएकोले योजनाको काम समय अवधि भित्र सम्पन्न गर्नका लागि र ठेक्कामा भएको स्टमेटको रकमले सो काम पुरा गर्न सक्ने अवस्था रहेन, अतः यस कार्यालयवाट योजनाको निर्माण काम भइ रहेको स्थानमा यस गाउँपालिकाबाट स्थलगत अनुगमन गरी सो स्थानको भौगोलिक बनावट र सो स्थानमा भएको कडा चट्टानको अवस्था हेरी सो योजना के कसरी सम्पन्न गर्न सकिन्छ र उक्त ठेक्का सम्पन्न गर्ने मिति थोरै समय अवधि बाँकी रहेको हुँदा उचित समयमा सम्पन्न गर्नका लागि सल्लाह सुझाव र सोको लागत हिसावको विषयमा पुनः मूल्याङ्कन गरी पाउँ भनी यस स्थलमा देखिएको कडा चट्टानको फोटा र प्रविधिकहरुले दिनु भएको स्थलगत निरीक्षण रिपोर्ट समेत संलग्न गरी मिति २०८२।०१।२६ गते यस कार्यालयमा निवेदन पेश गरेकोले सो विषयमा सरुमारानी गाउँकार्यपालिकाको बैठकमा छलफल गर्दा उक्त बङ्गाडा उपल्लोखुट्टी तिराम सडक निर्माण वडा नं ६ को निर्माण कार्यको संझौता अनुसार निर्माण ब्यवसायिले निरन्तर रुपमा कार्य भईरहदा पनि उल्लेखनीय रुपमा भौतिक प्रगति नदेखिएकोले उक्त सडकको भौगोलिक अवस्था अनुसार काम गर्न कठिन भएकोले बाकी काम सोही मोटरबाटोको उपल्लोखुट्टी देखी वुढीचौर तिराम तर्फको सडकमा कार्य गर्न निर्देशन दिने निर्णय गरियो । साथै उपल्लोखुट्टी देखि वुढीचौर तिराम तर्फको सडकमा रहेको पहिरो हटाउने तथा अन्य निर्माण गरिने संरचना कार्य प्राविधिक लागत स्टिमेट अनुसार SRM/NCB/Works-०२/०८१/८२ बङ्गाडा उपल्लोखुट्टी तिराम

सडक निर्माण वडा नं ६ योजनाको ठेक्का संझौतावाट वाकी रहेको रकमवाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ सुरक्षित नागरिक आवास कार्यक्रमको घरधुरी छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आ.व. २०७७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये थप तपशिलका ४ घरधुरीमा जस्तापाता लगाउन चालू आ.व. २०८१।०८२ मा विनियोजित वजेट वाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो

तपशिल

| सि.न. | घरधुरीको नामथर | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | तोयराम घर्ती मगर | सरुमारानी-६ | ५०,०००/- |
| २ | सुगराम वाँठा मगर | सरुमारानी-६ | ५०,०००/- |
| ३ | रिम वहादुर घर्ती मगर | सरुमारानी-६ | ५०,०००/- |
| ४ | छवि लाल दमाई | सरुमारानी-६ | ५०,०००/- |

**निर्णय नं. ४ कार्यविधि/कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको तपशिलका कार्यविधि/कार्ययोजनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

- विपद् व्यवस्थापन स्वयंसेवक व्यूरो गठन तथा परिचालन कार्यविधि, २०८२
- आगोलागी नियन्त्रण सम्वन्धी कार्ययोजना, २०८२

**निर्णय नं. ५ विपद पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८२।२।३० गतेको बैठकको सिफारिस वमोजिम यस गाउँपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ नयाँ मौरी पकेट विकास कार्यक्रमको प्रस्ताव छनौट गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८१/०८२ को संघीय सरकारवाट हस्तान्तरित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ मौरी पकेट विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार पेश भएको श्री ऐरावती वहुउद्देश्यीय साना किसान सहकारी संस्था लि.ले पेश गरेको प्रस्तावमा उल्लेखित तपशिल वमोजिमका क्रियाकलाप/कार्यक्रमहरु संचालन गर्ने गरी उक्त सहकारीको प्रस्ताव छनौट गर्ने निर्णय गरियो।

तपशिल

## १) गाउँपालिका अनुदान तर्फको कार्यक्रम

### क) मेलिफेरा मौरी तर्फ

| क्र.स. | विवरण | जम्मा वजेट | कै. |
|---|---|---|---|
| १. | मेलिफेरा मौरी घार डिप सुपर सहित टुनी काठको | ३,२९,०००/- | |
| २. | मेलिफेरा मौरी घार डिप सुपर विनाको टुनी काठको | ३,३८,२५०/- | |
| जम्मा | | ६,६७,२५०/- | |

### ख) सेरेना मौरी तर्फ

| | | | |
|---|---|---|---|
| १. | सेरेना मौरी घार सुपर सहित टुनी काठको | २,६२,५००/- | |

### ग) तालिम/अनुगमन

| | | | |
|---|---|---|---|
| १ | मौरी तथा मौरी जन्य वस्तुहरुको उपयोगिता बारे तालिम | १,८०,०००/- | |
| २ | अनुगमन तथा प्रतिवेदन | ५०,२५०/- | |
| ३ | विविध | ४०,०००/- | |
| जम्मा | | २,७०,२५०/- | |

## २ ) सहकारी र उपभोक्ताको साझेदारी तर्फको कार्यक्रम

| | | | |
|---|---|---|---|
| १. | मौरी कुट (पोलन) | ३,५०,०००/- | |
| २. | मौरी कृतिम अहारा (क्यान्डी) महमा वनेको | ८७,५००/- | |
| ३ | मह वाल्टी | १,२०,०००/- | |
| ४ | मह वट्टा फुड ग्रेड वाला | २,३२,२५०/- | |
| ५ | मह मदानी स्टीलको | ९०,००० | |
| ६. | नयाँ रानु खरिद (मेलिफेरा) | ५०,००० | |
| जम्मा | | ९,२९,७५०/- | |

**निर्णय नं. ७ दलित सुकुम्वासी, भुमीहिन सुकुम्वासीलाई जरगा ब्यबस्थापन कार्यका लागि बजेट ब्यबस्थापन सम्बन्धमा ।**

प्रस्ताव नम्ववर ७ माथि छलफल गर्दा जिल्ला भूमी आयोगको मिति २०८२।०१।११ च.न. ४४४ को पत्र अनुसार दलित सुकुम्वासी, भुमीहिन सुकुम्वासी र अब्यवस्थित परिवारको जग्गा ब्यबस्थापन सम्वन्धी सुकुम्वासी आयोगको कार्यलाई थप प्रभावकारी वनाउन लाग्ने खर्च रकम

यस गाउँपालिकाको चालू आ.ब. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिलाहरुलाई प्रतिष्पर्धात्मक परीक्षा (लोकसेवा/शिक्षकसेवा आदी) तयारी सम्बन्धी अभिमुखिकरण शिर्षकबाट रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ विपद् प्रभावित व्यक्तिहरुको लागि सहयोग र सामाग्री व्यवस्थापन सम्बन्धमा।**

क) प्रस्ताव नं. ८ माथि छलफल गर्दा २०८२।२।७ गते हावाहुरीका कारण तपशिलका ब्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले क्षतिको गम्भिर्यतालाई हेरी विपद व्यवस्थापन कोषबाट वढिमा २५,०००/- सम्म सहयोग उपलव्ध गराउने साथै तपशिलका व्यक्तिहरुलाई विपद व्यवस्थापन कोष शिर्षकबाट निम्न वमोजिको रकम उपलव्ध गराउने निर्णय गरियो

तपिशल

| क्र.स. | नाम ठेगना | क्षतिको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सगुन कुमार आले- सरुमारानी गाउँपालिका वडा नं. १ | २०८२।२।७ गतेको अविरल वर्षाले हावाहुरी को कारण २ तले कच्चीधरको गारो भत्किएकोले वस्न समस्या भएको | १०,०००/- | |
| २ | नर बहादुर दरलामी- सरुमारानी गाउँपालिका वडा न. ५ हात्तिखाल | मिति २०८२।२।२६ गतेको आगोलागिवाट काठ र जस्तापाताले वनेको घरगोठको अन्नपात र फर्निचरहरु जली नष्ट भएको । | ५,०००/- | |

ख) यस गाउँपालिकामा मिति २०८२।२।७ गते हावाहुरीका कारण तपशिलका ब्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले तत्कालका लागि निम्न ब्यक्तिहरुलाई त्रिपाल उपलव्ध गराईएको ब्यहोरा जानकारी भयो ।

तपशिल

| क्र स | नाम थर | ठेगान | त्रिपाल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | साइज | परिमाण | इकाइ | |
| १ | मनिकला दमै | सरुमारानी-३ गुरुङडाँडा | 15*18 | ३ | थान | |
| २ | शेर बहादुर गाहा | सरुमारानी-३ चाभा | 15*18 | ३ | थान | |
| ३ | चुमा राना | सरुमारानी-३ चाभा | 15*18 | ३ | थान | |
| ४ | तिमेस पुन | सरुमारानी-३ पनाहा | 15*18 | २ | थान | |
| ५ | दानादेवि पुन | सरुमारानी-३ पनाहा | 15*18 | २ | थान | |
| ६ | उमिसरा घर्ति मगर | सरुमारानी-३ वाङ्वेशी | 15*18 | ३ | थान | |
| ७ | लिला थापा | सरुमारानी-३ पनाहा | 15*18 | ३ | थान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | रेवन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | 15*18 | १ | थान | |
| ९ | रेवन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | 18*24 | ३ | थान | |
| १० | गमिसरा गाहा | सरुमारानी-३ सुजिनपुर | 15*18 | १ | थान | |
| ११ | गमिसरा गाहा | सरुमारानी-३ सुजिनपुर | 18*24 | ३ | थान | |
| १२ | सविदेवि सुनार | सरुमारानी-३ धुवाँकोट | 15*18 | २ | थान | |
| १३ | तिल वहादुर दर्लामी | सरुमारानी-३ सुजिनपुर | 15*18 | ४ | थान | |
| १४ | खिम वहादुर थापा | सरुमारानी-३ सुजिनपुर | 15*18 | ४ | थान | |
| १५ | नरमा चर्ति | सरुमारानी-३ सजिकोट | 15*18 | ३ | थान | |
| १६ | धनिसरा मिधुन | सरुमारानी-३ सजिकोट | 15*18 | ३ | थान | |
| १७ | सरिता सुनार | सरुमारानी-३ स्याउलीवाङ्गे टोल | 15*18 | ३ | थान | |
| १८ | टेक वहादुर चर्ति | सरुमारानी-३ लोङराङ | 15*18 | ४ | थान | |
| १९ | विसमिला मिया | सरुमारानी-३ लोङराङ | 15*18 | ४ | थान | |
| २० | चन्द्री रेश्मी मगर | सरुमारानी-४ तालपानी | 15*18 | १ | थान | |
| २१ | आशा गुरुङ्ग | सरुमारानी-३ हंसपुर | 15*18 | ३ | थान | |
| २२ | काशीराम शर्मा | सरुमारानी-४ वैंके | 18*24 | १ | थान | |
| २३ | कास्कोट इस्लामिक मदरासा शौचालय भवन | सरुमारानी-३ कास्कोट | 18*25 | ३ | थान | |
| | जम्मा | | | ६२ | थान | |

ग) विपद् पुर्व तथारी तथा प्रतिकार्यका लागि आवश्यक सामाग्रीहरु/नपुग सामाग्री कार्यालयबाट खरिद गरि तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

## निर्णय नं. ९ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

क) प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फका निम्न कार्यक्रमहरु संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

स्वास्थ्य कार्यक्रम

| सि.नं. | स्वीकृत कार्यक्रम | रकम | सि.नं. | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | टि.टि. खोप खरिद | ५०००० | १ | टि.टि. खोप खरिद | ३२९७ |
| | | | २ | प्रसुति सेवा प्रदायकहरूका लागी नाइट ड्युटी प्रोत्साहन खर्च | २०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आधारभूत तालिम खाना खर्च | २६७०३ |
| २ | आँखा उपचार केन्द्र संचालन खर्च | १५०००० | १ | आँखा उपचार केन्द्र संचालन खर्च | ८८१५० |
| | | | २ | PNC Home Visit कार्यक्रम | ६१८५० |
| ३ | जेष्ठ नागरिक आँखा स्वास्थ्य शिविर संचालन कार्यक्रम | १५०००० | १ | जेष्ठ नागरिक आँखा स्वास्थ्य शिविर संचालन कार्यक्रम | १२२३६५ |
| | | | २ | मोवाइल स्वास्थ्य कार्यक्रम अर्धवार्षिक समिक्षा तथा संचार खर्च | २७६३५ |
| ४ | विभिन्न स्वास्थ्य शिविर कार्यक्रम | ३००००० | १ | विभिन्न स्वास्थ्य शिविर कार्यक्रम | ८५५०० |
| | | | २ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | १६०००० |
| | | | ३ | पाठेघर खस्ने समस्याको शल्यक्रिया शिविरमा सेवाग्राहि खोजपडताल तथा म.स्वा.से. संग अन्तर्क्रिया कार्यक्रम | ५४५०० |
| ५ | पूर्ण संस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा कार्यक्रम | ३००००० | १ | आँखा उपचार केन्द्र चस्मा तथा लेन्स खरिद | १००००० |
| | | | २ | संस्थागत प्रसुति सेवा लिनेहरूका लागी नव-शिशु स्याहार हाइजेनिक सामाग्री तथा सुत्केरी पोषण अण्डा कार्यक्रम | १८०००० |
| | | | ३ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | २०००० |
| ६ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क वितरण औषधि खरिद तथा | १०००००० | १ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क वितरण औषधि खरिद तथा ढुवानी | ७००००० |
| | | | २ | मोवाइल स्वास्थ्य कार्यक्रम अर्धवार्षिक समिक्षा तथा संचार खर्च | १५०००० |

बिक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | ढुवानी | | ३ | गाउँघर/खोप क्लिनिक संचालन यातायात तथा व्यवस्थापन कार्यक्रम | १५०००० |
| | जम्मा | १९५०००० | | जम्मा | १९५०००० |

**अन्य कार्यक्रम**

| सि.नं | स्वीकृत कार्यक्रम | विनियोजन रकम रु. | सि.नं. | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | सालडाडाँ मोटरबाटो-वडा नं ४ | १,००,००० | १ | सालडाडाँ मोटरबाटो थप कार्य | १,००,००० |
| २ | धैरेखपटे खानेपानी मर्मत-वडा नं. ६ | ३०,००० | २ | धाईर खपटे निपाने लिफ्ट खानेपानी पाईप खरिद | ३०,००० |
| ३ | राङ्गबाङ्ग भगवति मन्दिर-वडा नं. ५ | ५०,००० | ३ | विभिन्न सडक मर्मत योजना वडा नं. ५ | ५०,००० |
| ४ | अन्तराष्ट्रिय जातिय भेदभाव उन्मूलन दिवश मनाउने | १,००,००० | ४ | दलित सशक्तिकरण कार्यक्रम | ३,००,००० |
| ५ | दलित सशक्तिकरण कार्यक्रम | २,००,००० | | | |

ख) यस गाउँपालिका वडा नं ४ मा रहेको कुडुले झो.पुको मर्मतको लागि विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट रु. १५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस गाउँपालिकाको चालु आ.ब. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम प्रदेश शसर्त अनुदान अन्तर्गत फोर्साबाङ्ग लिफ्ट सिचाई वडा नं. १ को योजनाको लागि यस कार्यालयबाट २ पटक ई-विडिङ्ग ठेक्का सूचना प्रकाशन गर्दा समेत कुनै फर्मबाट बोलपत्र नपरेको हुदाँ उक्त योजना कोटेशन विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) यस गाउँपालिकाको प्रदेश समपुरक योजना- गढी रानीकुवा पर्यटन पुर्वाधार निर्माण वडा नं. ४ ठेक्का नं. SRM/NCB/Works-०१/०८१/८२ योजनामा ठेक्का रकममा बाकि रहेको रकमबाट गाउँपालिकाले ब्यहोर्ने रकमबाट सोही योजनाको मन्दिर परिसर स्तरोन्नोती लगाएतको थप कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० कर्मचारीहरुको तहमिलान/तहबृद्धि सम्बन्धी जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, लुम्विनी प्रदेश सरकारको मिति २०८१।१२।२७ को तहमिलान/तहबृद्धि प्रकृया अगाडी बढाउने सम्बन्धी प्रकाशित सूचना, लुम्विनी प्रदेश सरकारबाट स्वीकृत स्थानीय निजामती सेवा ऐन, २०८१ तथा

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

नियमावली २०८१ बमोजिम यस कार्यालयबाट मिति २०८१।१२।२७ सूचना नं. १ र २/२०८१-०८२ बमोजिम यस कार्यालयमा कार्यरत तपिशलका कर्मचारीहरुको तहमिलान/तहवृद्धि गरिएको व्यहोरा जानकारी भयो ।

**तपिशल**

| क्र. स. | कर्मचारी को नाम थर | शैक्षिक योग्यता | हालको पद र तह | हालको सेवा समूह | कार्यरत पदको नियुक्ति मिति | जम्मा सेवा अवधी | तहमिलान/तहवृद्धि हुने सेवा समूह | तहमिलान /तहवृद्धि हुने पद र तह | जेष्ठता लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मण आचार्य | एम.ए.वा सो सरह | अधिकृत, अधिकृत छैठौं | प्रशासन /सा.प्र. | २०६५ ।१।५ | १६ वर्ष ११ महिना २८ दिन | प्रशासन/सा. प्र. | प्रशासकीय अधिकृत, अधिकृत सातौं | २०६५ ।१।५ | ऐनको दफा ७(५) बमोजिम- निर्णय मिति २०८२।१।३ |
| २ | टोप बहादुर शाही | एम.ए.वा सो सरह | लेखा अधिकृत, अधिकृत छैठौं, | प्रशासन /लेखा | २०७६ ।९।१ | ५ वर्ष ४ महिना | प्रशासन/लेखा | लेखा अधिकृत, अधिकृत सातौं | २०७६ ।९।१ | ऐनको दफा ७(२) बमोजिम निर्णय मिति २०८२।१।३ |
| ३ | सुभाष गौतम | स्नातक | ईन्जिनयर, अधिकृत छैठौं, | ईन्जिनियरिङ्ग/ सिभिल | २०७६ ।११। ८ | ५ वर्ष १ महिना २४ दिन | ईन्जिनियरिङ्ग /सिभिल | ईन्जिनियर- अधिकृत सातौं | २०७६ ।११। ८ | ऐनको दफा ७(२) बमोजिम निर्णय मिति २०८२।१।३ |
| ४ | पुष्पलाल शाही | एम.ए.वा सो सरह | अधिकृत शिक्षा, अधिकृत छैठौं | प्रशासन /शिक्षा प्रशासन | २०७६ ।१०। २३ | ५ वर्ष २ महिना ७ दिन | २०७६।१ ०।२३ | शिक्षा अधिकृत, अधिकृत सातौं | २०७६ ।१०। २३ | ऐनको दफा ७(२) बमोजिम निर्णय मिति २०८२।१।३ |
| ५ | जनक सुनार | बिए.वा सो सरह | सहायक- सहायक स्तर पाचौं | स्थानीय प्रशासन /सामान्य प्रशासन | २०७४ ।०९। ३ | ७ वर्ष ४ महिना . | स्थानीय प्रशासन/सामान्य प्रशासन | सहायक प्रशासकीय अधिकृत | २०७४ ।०९। २ | दफा ७ को (३) निर्णय मिति- २०८१।१।८ |
| ६ | केशव गिरी | आईएससी- कृषि/पशु विज्ञान | पशुसेवा प्राविधिक- सहायक स्तर पाचौं | कृषि/ला.पो.एण्ड डे.डै. | २०७३ ।९।१ १ | ८ वर्ष ३ महिना २९ दिन | कृषि/ला.पो. एण्ड डे.डै. | सहायक पशुविकास अधिकृत- अधिकृत छैठौं | २०७३ ।९।१ १ | दफा ३१(९) निर्णय मिति- २०८१।१।१ १ |
| ७ | नेत्र बहादुर केसी | आईएससी- कृषि/पशु विज्ञान | पशु स्वास्थ्य प्राविधिक- सहायक स्तर पाचौं | कृषि/भेटेरिनरी | २०७३ ।१०। ४ | ८ वर्ष ३ मिहना ६ दिन | कृषि/भेटेरिनरी | पशु स्वाथ्य अधिकृत- अधिकृत छैठौं | २०७३ ।१०। ४ | दफा ३१(९) निर्णय मिति- २०८१।१।१ १ |

विक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

जेष्ठ बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विकम प्र.श्रेष्ठ | जे.टि.ए. वा सो सरह | ना.प.स्वास्थ्य प्राविधिक-सहायक स्तर चौथो | कृषि/भेटेरिनरी | २०७४।१।२६ | ७ वर्ष ११ महिना १४ दिन | कृषि/भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक-सहायक स्तर पाचौ | २०७४।१।२६ | दफा ३१(१) निर्णय मिति-२०८१।१।११ |
| ९ | यम बहादुर रायमाझी | आईए वा सो सरह | स.ले.पा/सहायक स्तर चौथो | स्थानीय प्रशासन/लेखा | २०६७।०५।१५ | १४ वर्ष ७ महिना १७ दिन | स्थानीय प्रशासन/लेखा | लेखापाल/सहायक स्तर पाचौ | २०६७।०५।१५ | दफा ७(४) निर्णय मिति-२०८१।१।८ |
| १० | लोक बहादुर राना | टि.एस.एल.सी/सिभिल सब अभरसियर | असिष्टेन्ट सब ईन्जिनियर-सहायक स्तर चौथो तह | ईन्जिनियरिङ्ग/सिभिल | २०६७।०५।१५ | १४ वर्ष ७ महिना १७ दिन | ईन्जिनियरिङ्गवा/सिभिल | सब ईन्जिनियर-सहायक स्तर पाचौ | २०६७।०५।१५ | दफा ७(४) र दफा ३१(८/१) निर्णय मिति-२०८१।१।८ |

**निर्णय नं. ११ योजना तर्जुमा प्रकृया सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको आयोजना र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको समन्वय र सहजीकरणमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा यस गाउँपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को कार्यान्वयन प्रकृया र सहभागितामूलक योजना तर्जुमा प्रकृयाको विषयमा अभिमुखिकरण कार्यक्रम मिति २०८२।२।१२ गते ठिक १०.३० बजे देखी सरुमारानी गाउँपालिकाको सभाहलमा संचालन गर्ने र वडा तथा वस्ती स्तरीय योजना तर्जुमा प्रकृया बजेट सिमा र मार्गदर्शन भित्र गरी सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ पुस्तकालयका लागि विघालय छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत शसर्त अनुदान अन्तर्गत सामुदायिक विधालयका लागि विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान- विद्यालय पुस्तकालय कार्यक्रम संख्या-१ (रकम रु. ६,५०,०००/-) का लागी श्री बालविकास मा.वि. सरुमारानी गाउँपालिका वडा नं. २ गनाहको विधालयलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ स्थानीय पाठ्यक्रम संशोधन र स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा हाम्रो सरमारानी हाम्रो गौरव स्थानीय पाक्रम, २०७७ निर्माण भई कार्यान्वयनमा आएकोमा कक्षा ६-८ सम्म पाठ्यक्रमको जिविनोपयोगी सीप एकाई अन्तरगत कम्प्यूटर सम्वन्धी विषयवस्तुको पाठ्यक्रम थप गरी संशोधित पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बहादुर विश्वकर्मा
अध्यक्ष

निर्णय नं. १४ विघालय शिक्षक दरबन्दी मिलान प्रकृया सम्बन्धमा ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा "शिक्षक, कर्मचारी दरबन्दी मिलानको प्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा २०८२ असार मसान्तसम्म प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक- सामाजिक विकास समिति श्री भिम बहादुर मर्साङ्गी

ख) सदस्य-सरस्वती मा.वि. बांगेशाल र भिमसेन मा.वि. जस्पुरका प्र.अ.हरु

ग) सदस्य-नेपाल शिक्षक महासंघ गाउँपालिका अध्यक्ष

घ) सदस्य-गा.पा.भित्र क्रियाशिलं शिक्षक संघ-संगठनका पालिका अध्यक्षहरू

ङ) सदस्य सचिव-शिक्षा शाखा प्रमुख-पुष्पलाल शाही

निर्णय नं. १५ ओज्जनी पक्की पुलको डिपिआर रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका वडा नं. ६ ओज्जनी देखी माण्डवी गा.पा. वडा नं. सीसखोला जोड्ने ओज्जनी पक्की पुल निर्माणको लागि स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी वापतको रकम रु. ११,००,०००/- आ.व. २०८१।०८२ को कार्यान्वयन हुन नसकेका विभिन्न योजना/कार्यक्रमवाट वचत हुने रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १६. खानेपानी तथा सरसफाई योजना सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा नेपाल स्वास्थ्यका लागी पानी (नेवा) संस्थावाट आगामी आ.व. २०८३।०८४ देखि कार्यान्वयनको लागि खानेपानी तथा सरसफाई आयोजनाहरुको पूर्वसंभाब्यतता अध्यक्षको लागि तपशिलका योजनाहरु सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.न. | योजनाको नाम | ठेगना | अनुमानित लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | पुठाखोला भिंगृखोला खा.पा. योजना | वडा नं ६ | ७५ | |
| २ | तल्लो भिगृखोला खा.पा. योजना | वडा नं.६ | ६० | |
| ३ | पौवाखोला, भञ्ज्याङ्ग खानेपानी योजना | वडा नं.४ | २१ | |
| ४ | हिलेखोला अम्मरे पूर्णगाउँ खानेपानी योजना | वडा नं.४ | १८ | |
| ५ | सुजिनपुर खानेपानी तथा सरसफाई योजना | वडा नं ३ | ६५ | |
| ६ | चाभा खानेपानी तथा सरसफाई योजना | वडा नं ३ | ३० | |
| ७ | झिलिवाङ्ग, धाद्र खानेपानी योजना | वडा नं. १ | १२८ | |
| ८ | आटिटार माझिलाढिक खानेपानी योजना | वडा नं. १ | ११० | |
| ९ | छविसे खानेपानी योजना | वडा नं. ५ | २७ | |
| १० | हात्तिखाल खानेपानी योजना | वडा नं. ५ | २९ | |
| ११ | पाखापानी खानेपानी योजना | वडा नं. ५ | २४ | |

| | | | | |
|---|---|---|---|---|
| १२ | मैदान वर्नीविर खानेपानी तथा सरसफाई योजना | वडा नं. २ | १५० | |
| १३ | गनाहा खानेपानी तथा सरसफाई योजना | वडा नं २ | २२० | |

**निर्णय नं. १७ आर्थिक सहायता सम्बन्धमा ।**

- यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निवेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | मजुरन मियाँ/हविजुल्ला मियाँ | वडा न. १ | २५०००/- | दिर्घरोग स्वास्थ्य सहायता |

- राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, नेपालवाट प्रकाशित सन्देशमुलक भित्तेपात्रो २०८२ प्रकाशनमा गाउँपालिकाको स्वास्थ्य सन्देश प्रकाशन वापत रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- कर्मचारी मिलन केन्द्र प्यूठानको भित्तेपात्रो २०८२ प्रकाशनमा गाउँपालिकाको सन्देश प्रकाशन वापत रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- नेपाल निजामती कर्मचारी संगठन प्यूठानको भित्तेपात्रो २०८२ प्रकाशनमा गाउँपालिकाको सन्देश प्रकाशन वापत रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- शहित ऋषि-राधा स्मृति केन्द्र दाङ्ग को मिति २०८१।११।२६ गतेको पत्रअनुसार भित्तेपात्रो २०८२ प्रकाशन वापत रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- नेपाल उत्पीडित जातियमुक्ति समाज, जिल्ला समिति प्यूठान को मिति २०८१।१२।१० को पत्र अनुसार पाचौ जिल्ला अधिवेशन सहयोगार्थ रु. १००००/- उपलब्ध गराउने निर्णय गरियो ।
- श्री बालशिक्षा मा.वि. मच्छी प्यूठान, पूर्वविधार्थी समाजको तर्फबाट भक्तिराम उपाध्याय स्मृतिग्रन्थ प्रकाशनार्थ रु. १००००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८ विविध सम्बन्धमा ।**

- **रिक्त पद (अ.हे.व र ल्याव असिष्टेन्ट) मा पदपुर्ती गर्ने सम्बन्धमा ।**

  यस गाउँपालिका अन्तर्गत बागेशाल स्वास्थ्य चौकीमा रिक्त रहेको सहायक स्तर चौथोतहको ल्याव असिष्टटेन्ट पद र आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ६ को बुढीचौरको रिक्त सहायक स्तर चौथो तहको अ.हे.ब पद को पदपुर्तिको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

- **परियोजना संचालनको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।**

  जनताको लागि उर्जा तथा वातावरण विकास संस्था (PEEDA), बुद्धनगर काठमाडौ, नेपाल को च.नं. ५७ मिति २०८२/०३/१६ को पत्र अनुसार Bread for world, Germany

वाट प्राप्त सहयोगमा "Climate Resilient Communities and Sustaianable Livelihood Initiatives for Pro-Poor Continuation" नामक परियोजना संचालनको लागि प्रारम्भिक सहमती माग भएकोले यस सरुमारानी गाउँपालिकाकको वडा नं २,४,५ र ६ भित्र उक्त परियोजना प्रभावकारी संचालनको लागि प्रारम्भिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

- **नव प्रबर्द्धन साझेदारी कार्यक्रम स्वीकृतिको जानकारी सम्बन्धमा ।**

  मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तरगत नवप्रवर्द्धन साझेदारी कार्यक्रमको २०८२।२।६ गतेको सूचना अनुसार यस गाउँपालिकावाट पेश भएको डिजिटल विधालय कार्यक्रमको प्रस्ताव स्वीकृत भएको व्यहोरा जानकारी प्राप्त भएकोमा विस्तृत प्रस्ताव स्वीकृत भई अन्तिम छनौटमा परेको अवस्थामा नियमानुसारको साझेदारी रकममा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **बालमैत्री/बालविवाह कार्यक्रमको प्रस्ताव स्वीकृत सम्बन्धमा ।**

  यस गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वालविवाह अन्त्य तथा वालमैत्री स्थानीय शासन कार्यक्रम सम्वन्धी अभिमूखिकरण कार्यक्रम झिमरुक नेटवर्क एण्ड मिडिया प्रा.लि. मल्लरानी गाउँपालिका-४ को संस्था मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **सामी परियोजना स्वीकृतको जानकारी सम्बन्धमा ।**

  नेपाल सरकार, श्रोम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत संचालन हुने सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम(चौथो चरण) यस गाउँपालिकामा आ.व. २०८२।०८३ देखी संचालन हुने जानकारी भयो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०२/०९

त्रिविक्रम बुढ्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुइँडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८२/०२/०९
झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष